nystateofhealth™
The Official Health Plan Marketplace



# इसेन्सियल प्लान
# को बारेमा द्रुत तथ्यहरू

## इसेन्सियल प्लान (अत्यावश्यक योजना) भनेको के हो?

न्यूयोर्कबासीहरूको लागि एउटा नयाँ स्वास्थ्य योजना जसको लागत अन्य स्वास्थ्य योजनाहरूको भन्दा धेरै कम छ। र यसले उही आवश्यक लाभहरू प्रदान गर्दछ।

## यसलाई कसले खरिद गर्न सक्छन्?

मेडिकेड वा चाइल्ड हेल्थ प्लसको लागि योग्य नरहेका न्यून आयस्रोत भएका मानिसहरू।

| परिवारको आकार | तपाईंले आर्जन गर्न सक्ने अधिकतम रकम |
|---|---|
| 1 | $24,120 |
| 2 | $32,480 |
| 3 | $40,840 |
| 4 | $49,200 |

## यसको लागत कति हो?

या प्रति व्यक्ति महिनाको $20 – दिनको एक डलरभन्दा कम वा नि:शुल्क।

## यसले अन्य के-कस्ता तरीकाले मेरो पैसा बचत गर्छ?

यसमा कुनै कटौती छैन, तसर्थ यो योजनाले तुरुन्त तपाईंको स्वास्थ्य सेवाको लागि भुक्तान गर्न सुरू गर्छ।

तपाईंले नि:शुल्क निरोधक स्याहार जस्तै नियमित चिकित्सा जाँच तथा स्क्रिनिङक सेवा प्राप्त गर्नुहुन्छ जसले तपाईंलाई स्वस्थ रहन मद्दत गर्दछन्।

## इसेन्सियल प्लानले के-केलाई समेट्छ?

अन्य योजनाहरूले समेट्ने उही सेवाहरूलाई:

- चिकितस्कसँग भेटाहरू, विशेषज्ञहरू सहित
- तपाईंको चिकित्सकले गर्न भनेका परीक्षणहरू
- प्रेस्क्रिप्सन औषधिहरू
- अस्पतालमा अन्तरंग तथा बहिरंग सेवा

## मैले कसरी नाम लेखाउने?

nystateofhealth.ny.gov

वा

1-855-355-5777 वा
TTY: 1-800-662-1220

वा

तपाईंको घर वा कार्यको नजिकको प्रमाणित सहयोगीबाट नि:शुल्क प्रत्यक्ष मद्दत मार्फत।

## के तपाईं मेरो आफ्नो भाषामा मद्दत प्रदान गर्न सक्नुहुन्छ?

तपाइको आफ्नो भाषामा टेलिफोन वा ब्येक्तिगत रुपमा सहयोग उपलब्ध हुन सक्ने छ ।

## मैले कहिले यसलमा नाम लेखाउन सक्छु?

महत्त्वपूर्ण योजनाका लागि पूरा वर्ष भरि भर्ना खुला छ।

NY State of Health ले प्रचलित संघीय नागरिक अधिकारका कानूनहरूको अनुपालना गर्छ र आफ्ना स्वास्थ्य कार्यक्रम तथा क्रियाकलापरूमा जाति, रङ, राष्ट्रिय मूल, लिङ्ग, उमेर, असक्षमताको आधारमा भेदभाव गर्दैन।